# प्रेस काउन्सिल नेपाल

## ४३औं वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७४/०७५

## २०७५ असोज

© प्रकाशकाधीन

प्रकाशक : प्रेस काउन्सिल नेपाल

सञ्चारग्राम, तिलगंगा, काठमाडौं

फोन : ४११२६७८, ४११२७९९

फ्याक्स : ४११२६९४

इमेल : presscouncilnepal@gmail.com

वेबसाइट : http://www.presscouncilnepal.org

सम्पादन : प्रकाशन तथा अनुसन्धान उपसमिति

प्रकाशन मिति : २०७५ असोज

मुद्रित प्रति : १०००

मुद्रक : उदय प्रिन्ट मिडिया प्रा.लि.

# विषय सूची

अध्यक्षको कलम

| | | |
|---|---|---|
| सुधार र पुनर्संरचनाको पर्खाइमा नेपाली प्रेस | | १ |
| आचारसंहिता अनुगमन तथा अनुसन्धान | परिच्छेद १ | १० |
| वार्षिक कार्यक्रम तथा प्रगति | परिच्छेद २ | १८१ |
| आर्थिक स्थिति | परिच्छेद ३ | २४९ |
| पुरस्कार तथा सम्मान | परिच्छेद ४ | २६६ |
| पत्रपत्रिका वर्गीकरण | परिच्छेद ५ | २७१ |
| पत्रपत्रिकाको अभिलेख | परिच्छेद ६ | २७७ |


## अनुसूचीहरू

१. २०७२/०७३ को पत्रपत्रिका वर्गीकरण नतिजा विवरण (पुनरावलोकनसहित) २९१

२. २०७३/०७४ को पत्रपत्रिका वर्गीकरण नतिजा विवरण (पुनरावलोकनसहित) ३०७

३. पत्रपत्रिकाहरूको वार्षिक प्रकाशन अंक तालिका (आ.व. २०७४/०७५) ३२८

४. नियमित पत्रपत्रिकाहरूको नामावली (आ.व. २०७४/०७५) ३४१

# अग्रगमनका एकवर्ष

प्रेस काउन्सिल नेपाल स्थापनाको ४८ वर्ष पूरा गरी ४९ औं वर्षमा प्रवेश गरेको छ । २०२७ साल असोज ६ गते स्वस्थ पत्रकारिताको विकास एवं सञ्चार माध्यमलाई राष्ट्र र नागरीकहरूप्रति जिम्मेवार बनाउने उद्देश्यका साथ स्थापित प्रेस काउन्सिल नेपालको भूमिका र दायित्व समयक्रमसँगै परिवर्तित हुँदै आएको छ । प्रेस काउन्सिलको करिब आधा शताब्दीको यात्रामा कैयौं उकाली, ओराली र चुनौतिहरू पार भइसकेका छन् । यसबीच प्रेस काउन्सिलले निर्दलीय पञ्चायती व्यवस्था, राजतन्त्रात्मक संसदीय व्यवस्था र ०६२/०६३ को जनआन्दोलनपछि स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई नजिकैबाट व्यहोरेको छ । संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाअन्तर्गतको संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको प्रावधान राखिएको छ र प्रेस काउन्सिल नेपाल पनि संविधानको सोही मर्म र भावनाअनुरूप थप स्वतन्त्रता र स्वायत्तताको पर्खाइमा छ ।

प्रेस काउन्सिल स्थापना हुँदा र अहिलेको अवस्थाबीच आकाश जमिनकै भिन्नता छ । त्यसबेला राज्यबाट नियन्त्रित प्रेस स्वतन्त्रताको अभ्यास थियो । सिमित पत्रिका निस्कन्थे । तिनले पञ्चायत र यसका सञ्चालकको विरोध गरेमा दर्ता खारेज तथा हिरासत र जेल जानुपर्नेसम्मको बाध्यता थियो । पञ्चायती व्यवस्थाको पक्ष वा विरोधमा पत्रकारिता बाँडिदा मिसन पत्रकारिताको अभ्यास भयो र२०४६ सालको राजनीतिक परिवर्तनपछि २०४७ सालको संविधानमा प्रेस स्वतन्त्रताको ग्यारेण्टी गरीयो । यसैक्रममा व्यावसायिक पत्रकारिताको प्रारम्भ भई पत्रकारितालाई पेशाकारूपमा अंगाल्न थालियो । प्रेस स्वतन्त्रताको उपभोगसँगै प्रेस आफैं जवाफदेही र जिम्मेवार बन्नुपर्छ भन्ने मान्यताअनुरूप अलग्गै प्रेस काउन्सिल ऐन, २०४८ संसदबाट पारित भयो । उक्त ऐन आएपछि नै प्रेस काउन्सिलले थप स्वायत्तता प्राप्त गरेको हो । तर, यो राज्यको नियन्त्रणभन्दा पूरै अलग थिएन ।

२०५८ सालमा माओवादी जनयुद्ध साम्य पार्ने नाउँमा देशमा संकटकाल लगाइयो ।

संविधान प्रदत्त प्रेस स्वतन्त्रताका धारा निलम्बित भए । केही समयपछि त राजा ज्ञानेन्द्र शासनसत्ता हातमा लिएर प्रेसमाथि नांगो दमन र सेन्सरसिप नै लाद्न अग्रसर भए । यस्तो पृष्ठभूमिका बीच लोकतान्त्रिक व्यवस्थामा मात्रै प्रेस स्वतन्त्र हुनसक्छ भन्ने मान्यताका साथ लोकतान्त्रिक दलहरूसँगै पत्रकारहरू पनि सडकमा उत्रिएका हुन् । ०६२/०६३ सालको जनआन्दोलनको सफलतापछि संविधानसभाबाट नयाँ संविधान जारी भएसँगै फेरि पनि प्रेसमाथि कहीँ र कतैबाट अंकुश नलागोस् भनेर प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको प्रावधान राखिएको छ ।

नयाँ संविधान घोषणा भएको तीन वर्ष पूरा भयो । र, अब संविधानको मूल मर्म र भावनाअनुरूप प्रेससम्बन्धी नयाँ कानून निर्माण र पुराना कानूनमा समयानुकूल सुधारको खाँचो छ । प्रेस काउन्सिल ऐन पनि सुधारको क्रममा छ । प्रेस काउन्सिललाई संघीय ढाँचामा विस्तार गरी यसको पुनर्संरचना गर्ने र सिंगो मिडियाको अनुगमनकारी निकायका रूपमा स्थापित गर्ने हाम्रो लक्ष्य छ ।

यतिबेला नेपाली सञ्चार क्षेत्रको भूमिका सकारात्मक रहे पनि केही नकारात्मक प्रवृत्तिसमेत देखापरेको छ । पत्रकारिताको आडमा गलत कार्य गर्नेहरूका कारण सिंगो पेशा बद्नाम हुनुहुँदैन । सकारात्मक प्रवृत्तिलाई स्थापित गराउँदैं नकारात्मक प्रवृत्ति र पात्रलाई सच्याएर अघि बढ्नु प्रेस काउन्सिल नेपालको दायित्व हो । पत्रकार आचारसंहिता उल्लंघन गर्नेहरूलाई सम्झाउँदै, गल्ती गर्नेहरूलाई सुधार्दै काउन्सिल अघि बढिरहेको छ । यसक्रममा सच्चिनै तयार नहुने र गल्तीमाथि गल्ती गर्नेहरूको यथार्थ विवरण सार्वजनिक गराउनु पनि नियामक निकायको दायित्व हो । प्रेस काउन्सिलले पत्रकार आचारसंहिता पालना गराउने, पत्रकारहरूलाई सम्मानित र पुरस्कृत गर्ने, पत्रपत्रिकाको वर्गीकरण गर्ने, सञ्चारमाध्यम र सञ्चारकर्मीलाई विभिन्न सहयोग उपलब्ध गराउने र सरकारलाई नीतिगत सुझाव दिनेजस्ता आफ्ना जिम्मेवारीहरू निरन्तर पूरा गर्दै आएको छ । यसबीच नेपालमै विश्व प्रेस काउन्सिलको सचिवालय स्थापना, दक्षिण एशियाली प्रेस काउन्सिल गठनमा पहलसहित अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार र आचारसंहिता जागरणको सन्दर्भमा प्रादेशिक तहसम्मै तीव्र कार्य विस्तार पनि अर्को उल्लेखनीय पक्ष हो । अनलाइन उजुरी प्रणालीको सुरुवात, २६ वर्ष पुरानो र छापामाध्यम केन्द्रित ऐन परिमार्जनको निम्ति स्वअग्रसरता, स्रोत-साधन र जनशक्तिको वृद्धि, पत्रकारमाथिको वाह्य प्रहारमा यथासमयमै गरिएका प्रभावकारी हस्तक्षेप प्रेस काउन्सिल नेपालको स्थापना यताका सर्वथा सन्तोषजनक क्षणको रूपमा स्मरणीय रहनेछन् ।

प्रेस काउन्सिल नेपालको ४९औं वार्षिक उत्सवको अवसरमा सार्वजनिक यस प्रतिवेदनमा काउन्सिलका गतिविधि र प्रगतिसहितका सम्पूर्ण विवरण संलग्न छन् । अझ पहिलोचोटी यसमा केही उजुरी, छानवीन र निष्कर्षसहितका रिपोर्टहरूसमेत

सन्दर्भसामग्रीको रूपमा समावेश गरिएका छन् । यो प्रतिवेदन सिंगो पत्रकारिताजगतका साथै पत्रकारिताका विविध आयामको अध्ययन गर्न चाहने अध्येताहरूका लागि पनि महत्वपूर्ण हुने विश्वास लिएको छु ।

अन्त्यमा प्रेस काउन्सिल नेपाललाई सधैं साथ, सहयोग र हौसला प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरूमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि यहाँहरूको स्नेंह, सहकार्य र सदभाव प्राप्त भइरहने विश्वास व्यक्त गर्दछु । प्रेस काउन्सिल नेपाल विगतमा भन्दा बढी जिम्मेवार र प्रतिवद्ध भएर प्रेस स्वतन्त्रताको निर्वाध उपभोगका साथै नेपाली मिडिया क्षेत्रलाई स्वस्थ, जिम्मेवार र मर्यादित बनाउन लागि पर्ने प्रतिवद्धता पुनः व्यक्त गर्दछु ।



किशोर श्रेष्ठ
कार्यवाहक अध्यक्ष
प्रेस काउन्सिल नेपाल